# काठमाण्डौ जिल्ला अदालत

**ईजलास**

**माननीय न्यायाधिश श्री इन्द्रबहादुर कार्की**

**फैसला**

**संवत २०७० सालको दु.फौ. नं. ०१२४**

**निर्णय नं. १२७**

**मुद्धा- लिखित गाली वेईज्जती**

**मुद्धा दायर मितिः- २०७०/०४/११**

| **वादीको नाम थर वतन-** | **प्रतिवादीको नाम थर वतन-** |
|---|---|
| भोज प्रसाद भट्टराईको वुहारी डा.वावुराम भट्टराईको श्रीमती काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३५ कोटेश्वर पेरिसडाँडा वस्ने एकीकृत नेपाल कम्यूनिष्ट पार्टी(माओवादी) को केन्द्रीय सदस्य हिसिला यमी.१ | काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३१ वाघवजार स्थित क्राइम टुडे मासिक खवर पत्रिका....................१<br>ऐ.ऐ.वडा नं. ३१ वागवजार स्थित क्राइम टुडे मासिक खवर पत्रिकाको प्रवन्ध निर्देशक रत्नमाया(आरएम) लामा.............................................................१<br>ऐ.ऐ.वडा नं. ३१ वागवजार स्थित क्राइम टुडे मासिक खवर पत्रिकाको प्रधान सम्पादक तथा प्रकाशक एल.एस.लामा......................................................१<br>ऐ.ऐ.वडा नं. ३१ वागवजार स्थित क्राइम टुडे मासिक पत्रिकाको सम्पादक एफ.आर.दाहाल........................१<br>ऐ.वडा नं. ३२ अनामनगर स्थित ईन्द्रेणी अफसेट प्रेस, काठमाण्डौ........................................................१ |

अदालतबाट बुझेको

साक्षी

कागज

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.व.२९ नं.बमोजिम क्षेत्राधिकार यसै अदालत भित्र परी प्रस्तुत मुद्धाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ ।

विपक्षीहरुद्धारा सम्पादित तथा प्रकाशित उल्लेखित समाचारवाट म फिरादीको ईज्जत, मान मर्यादा, प्रतिष्ठा र ख्यातिमा प्रत्यक्ष धक्का पुऱ्याई अपरणीय क्षति पुग्ने गरी गाली वेईज्जतीको कसुर गरेको निर्विवाद रुपमा पुष्टि भएको छ । विपक्षीहरुले कथित व्युरो नामाकरण गरी विपक्षी सम्पादक प्रकाशक आफैले मिथ्यापूर्ण समाचार तयार गरी आफैले सम्पादन र प्रकाशन गरी अन्य विपक्षीहरुले सम्पादित, प्रकाशित तथा मुद्रण गरी आम जनता विचमा सम्प्रेषण तथा विक्री वितरण गरेको क्राइम टुडे मासिक(जेष्ठ-२०७०, वर्ष ८ अङ्क-५, May 2013) को कभर पृष्ठमा मेरो नाम जोडी एमाओवादी नेतृ यमि दक्षिण एसियाकै भ्रष्टाचारी महिला नामक शिर्षक राखी लेखेको कभर पृष्ठ तथा सोही पत्रिकाको पृष्ठ ६ र ७ मा एमाओवादी नेतृ यमि दक्षिण एसियाकै भ्रष्टाचारी महिला आर्थिक अपराधमा प्रधानमन्त्रीको संलग्नता नामक शिर्षक राखि लेखिएको समाचारको उल्लेखित वाक्यांशहरुले मेरो ईज्जतमा धक्का पुऱ्याउने नियतले जानीजानी गलत, झुठा र मिथ्यापूर्ष दोष लगाई मेरो नैतिक चरित्र तथा मैले राजनैतिक जीवनमा प्राप्त गरेको ख्यातिलाई होच्याउने गरी प्रकाशित गरेको उक्त मासिक पत्रिकाको कभर पृष्ठमा उल्लेखित शिर्षक र समाचारको उल्लेखित शिर्षक र उक्त समाचारमा मेरो विरुद्धमा भ्रम सिर्जना गरी मलाई गाली र वेईज्जती हुने व्यहोरा उल्लेख गरी विपक्षीहरुले मलाई लिखित गाली र वेईज्जती गरेकोले वेईज्जतीको कसुर गर्ने विपक्षी लेखक क्राइम टुडेको प्रवन्ध निर्देशक रत्नमाया(आरएम) लामा, सम्पादक एफ.आर.दाहाल, सम्पादक/प्रकाशक एल.एस.लामालाई गली वेईज्जती ऐनको दफा ५ अन्तर्गत हदैसम्मको सजाय गरी र सामाचार छाप्ने विपक्षी ईन्द्रेणी अफसेट प्रेस,अनामनगर काठमाण्डौलाई ऐ.ऐनको दफा ६ अन्तर्गत हदै सम्मको सजाय गरी ऐ.ऐनको दफा १२ नं. अन्तर्गत विपक्षीहरुवाट म फिरादीलाई पुग्न गएको क्षतिको आधारमा पाउनु पर्ने अधिकतम हद सम्मको क्षतिपुर्ति समेत अड्डैवाट दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको वादीको फिराद दावी ।

प्रतिवादीहरुले यस अदालतवाट जारी भएको शुरु म्यादै गुजारी वसेको रहेछ ।

यस अदालतको आदेशानुसार वादीका साक्षीहरु विजेता अधिकारी, लक्ष्मी राई, सरिता ढकाल, शोभा वज्राचार्यको वकपत्र भई मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्धामा वादीका तर्फवाट उपस्थित विद्धान अधिवक्ता श्री विश्व प्रकाश भण्डारी, राम सुन्दर श्रेष्ठ र तुलसीराम तिमिल्सिनाले गर्नु भएको वहस समेत

सुनी मिशिल संलग्न प्रमाण कागजातहरुको अध्ययन मूल्याङ्कन गरी वादी दावी वमोजिम प्रतिवादीहरुले कुसर गरेका हुन, हैनन? सोही विषयमा निर्णय दिनु पर्ने हुन आयो ।

यसमा क्राईम टुडे मासिक(जेष्ठ-२०७०, वर्ष ८ अङ्क-५, May 2013) को कभर पृष्ठमा फिरादीको फोटो समेत राखी एमाओवादी नेतृ हिसिला यमि दक्षिण एसियाकै भ्रष्ट्राचारी महिला नामक शिर्षक राखी सोही पत्रिकाको पृष्ठ ६ र ७ मा समेत प्रकाशन गरेकोले गाली वेईजती ऐन, २०१६ को दफा ५ र ६ अनुसार सजाय गरी पाउँ भन्ने वादी दावी रहेकोमा प्रतिवादीहरुका नाममा जारी भएको म्याद गुजारी प्रतिवाद नगरी वसेको पाईयो भने वादीका साक्षीहरुले वकपत्र गर्दा स्वच्छ राजनिती भएको व्यक्ति हुन भनी वादी दावीलाई पुष्टि हुने गरी वकपत्र गरेको पाईएको छ भने वादीको ईज्जतमा धक्का पुऱ्याउने जस्ता कार्य नगरेको भए म्याद प्रतिवाद गरी पैरवीमा रहन पर्नेमा सो प्रतिवादीहरुले गरे भएको पाईदैन भने गाली वेईजती ऐन, २०१६ को दफा ३ र ३(२)(क) ले कसैले कुनै व्यक्तिको ईज्जतमा धक्का पुऱ्याउने नियतले धक्का पुग्छ भनी जानी जानी लेखेर दोष लगाएर प्रकाशन गरे वेईज्जती गरेको भनिन्छ भनी उल्लेख गरेको पाईएको र प्रतिवादीहरुले सो गरेको पुष्टि भएको छ । त्यस्तो भ्रष्ट हुन भन्ने आधार श्रोत उल्लेख नगरी ख्यातिमा धक्का पुऱ्याएको राजनैतिक व्यक्तिको कमाउने भनेको ईज्जत हो । सो ईज्जतमा धक्का पुऱ्याउने नियतले सो प्रकाशन गरेको पुष्टि हुँदा प्रतिवादीहरुले गाली वेईज्जती गरेको ठहर्छ । प्रतिवादीहरुलाई दामासाहीले रु.१,०००।—(एक हजार) जरिवाना हुने ठहर्छ र प्रतिवादीहरुवाट वादीले रु.१,०००।—(एक हजार) क्षतिपूर्ति भरी पाउने ठहर्छ । सो ठहर्नाले अरुमा तपशिल बमोजिम गर्ने गरी अ.व.१८६नं. बमोजिम यो फैसला गरी दिएँ ।

## <u>तपशिल</u>

माथि ठहर खण्डमा लेखिए वमोजिम प्रतिवादीहरुलाई दामासाहीले रु.१,०००।—(एक हजार) जरिवाना हुने ठहरी फैसला भएकाले निज प्रतिवादीहरु बेरुजु हुँदा लगत कसी असुल गर्नु भनि तहशिल शाखामा लगत दिनु...............................................१

माथि ठहर खण्डमा लेखिए वमोजिम प्रतिवादीहरुवाट वादीले रु.१,०००।—(एक हजार) क्षतिपूर्ति वापत भरी पाउने ठहरी फैसला भएकाले प्रस्तुत मुद्धाको अन्तिम किनारा लागे पछि वादीले प्रतिवादीहरुको यसै सरहदको जेथा देखाई निवेदन दिएमा कानुन बमोजिम भराई दिनु..........................................................................................२

प्रतिवादीहरुले यस अदालतवाट जारी भएको शुरु म्यादै गुजारी वसेको देखिदा अ.व. २०८ नं. वमोजिम पुनरावेदनको म्याद दिई रहन परेन......................................३

सरोकारवालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु..................................................................................................४

प्रस्तुत मुद्धाको डायरी लगत कट्टा गरी मिशिल अभिलेख शाखामा बुझाई दिनु............५

माननीय न्यायाधीश ज्यूले बोली टिपाउनु
भए बमोजिम कम्प्युटर टाईप गर्ने
डिठ्ठाः- श्याम कुमार तामाङ्ग
फाँटः- २

जिल्ला न्यायाधीश

ईति संवत २०७१ साल असोज महिना ३० गते रोज ५ शुभम..............................।